# धनगढी उप-महानगरपालिका

नगर कार्यपालीकाको कार्यालय धनगढी, कैलाली

७ नं. प्रदेश, नेपाल

**सेवा तथा बस्तुमा लाग्ने कर निःशुल्क गरिएको जानकारी सम्वन्धमा**

मिति २०७५ /०५/०५

आदरणीय नगरवासी दाजुभाई दिदिबहीनीहरु नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहले प्रयोग गर्ने गरी २२ वटा एकल अधिकारहरू सूचीवद्ध गरेको छ। त्यस्तै, नेपाल सरकार मन्त्रिपरिषद्ले ती एकल अधिकारहरूको विस्तृतीकरण गरी स्थानीय तहबाट सम्पादन गर्नुपर्ने कामको किटानी गरेको छ। ती कामहरूको कार्यान्वयनका लागि आवश्यक पर्याप्त नियमनकारी व्यवस्थालाई संस्थागत गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो । अहिले स्थानीयहरुले लगाएको कर अवैज्ञानीक भएको भन्दै संचारमाध्यम र सामाजिक संजालहरुमा आलोचना भैरहेको छ। तर धनगढी उप-महानगरपालीकाकाको तेश्रो नगरसभाबाट आ.व.२०७५/०७६का लागि पारित आर्थिक ऐन २०७५ अनुसार यस कार्यालय र सवै वडा कार्यालयबाट प्रवाह हुने देहाय बमोजिमका सिफारिस निःशुल्क गरिएको व्यहोरा नगरवासी सवैमा अनुरोध छ।

**निःशुल्क गरिएका सेवाहरु :**

| क.सं | सेवा किसिम | सिफारिस शुल्क |
|---|---|---|
| १. | नागरिकता लिनका लागि गरेको सिफारिस तथा अनुसूची फाराम | निःशुल्क |
| २. | अस्पताल र औषधी उपलब्धताका लागि गरेको सिफारिस | निःशुल्क |
| ३. | रगत उपलब्धताका लागि सिफारिस तथा रगत उपलब्ध | निःशुल्क |
| ४. | ब्यक्तिगत घटनादर्ता (जन्म,मृत्यू, बिवाह, बसाईसराई,सम्वन्ध विच्छेदका लागि सिफारिस ( नोटः जन्म, मृत्यू , बिवाह ३५ दिन नाघेमा ५० रुपियाँ जरिमाना ) लाग्छ। | निःशुल्क |
| ५. | अपाङ्ग परिचयपत्रका लागि सिफारीस | निःशुल्क |
| ६. | पेन्सन र सामाजिक सुरक्षा संग सम्वन्धीत सिफारिस | निःशुल्क |
| ७. | कानुनी सहायताका लागि गरेको सिफारिस | निःशुल्क |
| ८. | सामाजिक तथा आर्थिक अवस्था कमजोर भएकाहरुको लागि सवै किसिमका सिफारिस | निःशुल्क |

**कर घटाईएको क्षेत्रहरु :** एकिकृत सम्पतीकर यस पटक मात्रै १० देखि १२ प्रतिशत घटाईएको छ। सुरुमा १५ प्रतिशत कर घटाईएको थियो। सडक देखि ३० मिटर सम्मको जग्गा व्याससायीक र त्यस पछाडीको जग्गालाई कृषी योग्य भनि फरक मुल्यांकन गरिएको छ। यसले करलाई न्यायीक र बैज्ञानीक बनाएको छं।

**दायरामा ल्याएको क्षेत्र :** यस उप-महानगरपालीकाले मदिरा,सुर्तिजन्य बस्तु,ईटा उद्योग, अस्पताल, क्लीनिक नर्सिङ्गहोम,क्यासीनोहरु। **कर यथावत रहेको क्षेत्र :** अन्य सवै बस्तु तथा सेवामा गत बर्षकै करका दर यथावत राखिएको व्यहोरा जानकारी गराईन्छ।

०५।५।५

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner